दरबन्दी मिलान तथा शिक्षक सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः यस विश्रामपुर गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा कार्यरत स्वीकृत दरबन्दीका स्थायी तथा राहतशिक्षक सरुवालाई व्यवस्थित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को २ अनुसार तथा विश्रामपुर गाउँ शिक्षा ऐन, २०७५ परिच्छेद ८ को दफा ५५ (३) ले दिएको अधिकार प्रयोग गरी विश्रामपुर गाउँपालिका विश्रामपुर गाउँपालिका, गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरेको छ।

१. संक्षिप्त नाम, प्रारम्भ र प्रयोग

क. यो कार्यविधिको नाम "विश्रामपुर गाउँपालिकाका दरबन्दी मिलान तथा शिक्षक सरुवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० रहेको छ"।

ख. यो कार्यविधि विश्रामपुर गाउँपालिका भित्र र अन्तर्गतका सामुदायिक विद्यालयहरुमा हुने सरुवासम्बन्धी प्रयोजनमा लागु हुनेछ ।

ग. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

घ. यो कार्यविधि विश्रामपुर गाउँपालिकाभित्रका सामुदायिक विद्यालयका आधारभूत तहदेखि माध्यमिक तहसम्मका स्वीकृत दरवन्दी, स्थायी शिक्षक तथा राहत अनुदानकोटामा कार्यरत शिक्षकहरुको दरवन्दी मिलान तथा सरुवाको लागि लागु हुनेछ।

२. परिभाषा

क. "ऐन" भन्नाले विश्रामपुर गाउँपालिका शिक्षा ऐन, २०७५ सम्झनुपर्छ। साथै ऐन भन्नाले संघिय शिक्षा ऐन तथा प्रादेशिक शिक्षा ऐन समेतलाई जनाउनेछ।

ख. "नियमावली" भन्नाले प्रचलित संघीय शिक्षा नियमावली तथा प्रादेशिक शिक्षा नियमावलीलाई समेत जनाउनेछ।

ग. "शिक्षा शाखा" भन्नाले विश्रामपुर गाउँपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

घ. "कार्यविधि" भन्नाले विश्रामपुर गाउँपालिका दरवन्दी मिलान तथा शिक्षक सरुवा-व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० सम्झनुपर्छ।

CamScanner

३. सरुवाको आधार तथा कार्यविधि

(१) शिक्षा ऐन, नियमावली तथा यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको अधिनमा रही सरुवा गर्दा देहाय बमोजिमका आधारहरु अवलम्वन गरिनेछ:

क. गाउँपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दी, तह तथा विषय मिल्ने भएमा मात्र गाउँ शिक्षा समितिको निर्णय अनुसार गाउँ शिक्षा अधिकृतले सरुवा गर्न सक्नेछ ।

ख. शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन विषय मिलाउनुपर्ने छ ।

ग. एकपटक सरुवा गरिएको शिक्षकलाई तीन बर्ष पुरा नगरी सरुवा गरिनेछैन ।

घ. तर कुनै विद्यालयमा कार्यरत शिक्षक अशक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गेरमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(४) शिक्षकलाई सरुवा गर्दा देहाय बमोजिमका कार्यविधिका आधारमा गर्नुपर्ने छ

क. तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पूरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित सिफारिस भएमा ।

ख. एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

ग. दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा ।

घ. निरन्तर ५ बर्ष वा सो भन्दा बढी एउटै विद्यालयमा कार्यरत स्वीकृत दरबन्दीका शिक्षक भएमा ।

ङ. विपद्का कारणवाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।

च. नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखी रहदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा ।

छ. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा ।

ज. पति पत्नि दुवै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

झ. विद्यालय समायोजन, तह तथा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक अन्यत्र व्यवस्थापन गर्नु परेमा दरवन्दी रिक्त रहेका वा थपिएका विद्यालयहरुको दरवन्दी विवरण तयार गरी व्यवस्थापन गर्नुपर्ने शिक्षक कर्मचारीहरुको नियुक्ति मितिको आधारमा अस्थायीको सेवा अवधि आधा र स्थायीको सेवा अवधी पूरै

CamScanner

जोडी हुन आउने जम्मा सेवा अवधि गणना हुनेगरी जेष्ठता क्रम कायम गरी सो अनुसार छनौट गर्न लगाई व्यवस्थापन गरिनेछ।

ञ. १५ दिनभन्दा बढी बिदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक लाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ

ट. सरुवा वा शिक्षक व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा सरुवावा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ।

ठ. शिक्षकको माग अनुसार सरुवा गर्दा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधिसम्म एकै विद्यालयमा बसेका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सहमती अनुमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

ड. तह, विषय र दरवन्दी मिलान तथा विशेष कारणले शिक्षकलाई सो विद्यालयमा राखी रहदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने अवस्थामा भई सरुवाको क्रममा सम्वन्धित शिक्षक र विद्यालयको सहमति विना आवश्यकता र औचित्यको आधारमा गाउँपालिका भित्रका विद्यालयहरुमा कार्यरत स्वीकृत स्थायी दरबन्दी,राहत शिक्षकहरुलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार सरुवा वा व्यवस्थापन गर्न सकिनेछ।

ढ. स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक, अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई निजको इच्छा विपरित एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन।

ण. सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्वन्धित शिक्षकलाई रमाना पत्र दिई सोको जानकारी सम्वन्धित विद्यालय र शिक्षा शाखालाई दिनु पर्नेछ।

## ५ सरुवा प्रकृया

क. सरुवा हुन चाहने शिक्षकले सरुवा हुनु पर्नाको कारण खुलाई नियुक्ति पत्र, नियुक्ति भएको विषय, अध्यापनरत विषय, शैक्षिक योग्यता, उमेर तथा हाल कार्यरत विद्यालयमा कार्य गरेको सेवा अवधि समेत खुल्ने गरी पत्र सहित शिक्षा शाखामा निवेदन दिनुपर्नेछ।

ख. निवेदनमा झुट्टा विवरण पेश भएको आधारमा कुनै पनि शिक्षक सरुवा भएमा त्यस्तो सरुवा रद्ध गरी झुठा विवरण पेश गर्ने शिक्षकलाई विभागीय कारवाही समेत गर्न सकिनेछ।

ग. शिक्षा अधिकृतले गाउँ शिक्षा शाखामा पेश भएका निवेदनहरु शिक्षा शाखाको अभिलेखसंग भिडाइ, रुजु गरी गाउँपालिका शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ।

घ. सरुवाको कार्यविधि र प्रकृया पूरा भई पेश भएका निवेदनहरु गाउँपालिका अध्यक्षको निर्देशनमा गाउँ शिक्षा समितिको बैठकमा आवश्यक निर्णयार्थ पेश गरिनेछ।

ङ. सरुवा गर्ने नगर्ने अन्तिम अधिकार गाउँ शिक्षा समितिमा निहित रहनेछ। गाउँ शिक्षा समितिमा सरुवा उपरको प्रस्तावमा मत बाझिएमा बहुमतको आधारमा निर्णय हुनेछ।

डि. सुरज ... प्रमुख प्रशासकीय अधिकृत

CamScanner

६ दरबन्दी मिलान

(१) गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा शिक्षक र राहत अनुदान तथा करार दरवन्दीको वितरण, पुन:वितरण, व्यवस्थापन तथा मिलानको लागि गाउँ शिक्षा समितिले दफा (८) को (२) को (१) बमोजिम कार्यदल गठन गरी कार्यदलको सुझाव समेतको आधारमा दरबन्दी मिलान सम्बन्धी उपयुक्त निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित कार्यदलले दरबन्दी मिलानका लागि यस कार्यविधिमा उल्लेख नभएका विषयमा आवश्यक मापदण्ड बनाई कार्यपालिकाबाट अनुमोदन भएपछि लागु गर्न सक्नेछ।

७. दरबन्दी मिलानका आधारहरु :- (१) समितिले दरबन्दी मिलन गर्दा देहायको आधारमा गर्ने छ ।

क. चालु शैक्षिक सत्रको अवधिमा तहगत र कक्षागत विद्यार्थी संख्या ।

ख. विद्यालयको स्वीकृत दरबन्दीमा कार्यरत स्थायी ,करार,राहत अनुदान कोटाको संख्यात्मक विवरण ।

(२) उपदफा (१) बमोजिम दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दी जगेडामा राखी विद्यार्थी संख्या र आवश्यकताको आधारमा समितिले दरबन्दी कायम गर्ने छ ।

(३) उपदफा (२) बमोजिम विद्यालयगत दरबन्दी कायम गर्दा बिद्यालयमा रहेका अपांगता भएका शिक्षक , दृष्टिबिहिन ,शारीरिक रुपले अशक्त दरबन्दी लाई बिद्यालयमा कायम हुने दरबन्दीमा गणना गरिने छैन ।

(४)पहिलो पटक दरवन्दी मिलान गर्दा यो कार्यविधि जारी भएको शैक्षिक सत्रको विद्यार्थी संख्या ,शिक्षक संख्या ,विद्यालय संख्या लाई आधार मानि दरबन्दी मिलान हुनेछ ।

८.दरबन्दी कायम : (१) समितिले सामान्यतया गाउँपालिका क्षेत्र भित्र संचालित विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा देहाय बमोजिम न्युनतम दरवन्दी कायम गर्ने छ ।

| क्र. स. | बिद्यालय तह | शिक्षक बिद्यार्थी अनुपात | कायम हुने न्युनतम दरबन्दी | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास | १:२५ | १ | २५ भन्दा बढी बिद्यार्थी भएमा १-२५ जना सम्मको लागि थप १ |
| २ | आधारभूत तह(१-५) | १:५० | ५ | - |
| ३ | आधारभूत तह (६-८) | १:५० | ४ | नेपाली,अंग्रेजी,गणित वा बिज्ञान,सामाजिक को लागि क्रमश १/१जना |

| | | | | |
|---|---|---|---|---|
| | ०। | | | जिकको लागि क्रमश १/१ जना |
| ५ | माध्यमिक (९-१२) | १:५० | ६ | नेपाली,अंग्रेजी,गणित,विज्ञान,सामाजिकको लागि क्रमश १/१ जना र अन्य थप १ |

(२) दरवन्दी मिलान कार्यदलः- (१) गाउँ शिक्षा समितको प्रत्यक्ष निर्देशनमा रही दरवन्दी निर्धारण तथा मिलान गर्नको लागि देहाय बमोजिमको दरवन्दी मिलान कार्यदल रहनेछ ।

क. प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख. शिक्षा क्षेत्रको अध्यापन वा शिक्षा प्रशासन वा व्यवस्थापनमा कम्तिमा अधिकृतस्तर वा सो सरह अनुभव भएका व्यक्ति मध्य वाट प्रमुखले मनोनित गरेको दुई जना – सदस्य

ग. अध्यक्ष नेपाल शिक्षक महासंघ ,विश्रामपुर गाउँपालिका – सदस्य

घ. शिक्षा अधिकृत / शिक्षा शाखा प्रमुख – सदस्य सचिव

(३) उपदफा (१) बमोजिम कार्यदलको वैठकमा आवश्यकता अनुदार शिक्षा विकास तथा समन्वय इकाई प्रतिनिधि तथा विषय विज्ञ लाई आमन्त्रितको रुपमा राख्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको कार्यदलले गाउँ शिक्षा समितिको निर्देशनमा प्रत्यक वर्ष विद्यालय दरवन्दी मिलान सम्वन्धि कार्य गरी प्रतिवेदन सहित गाउँशिक्षा समितिमा शैक्षिक सत्र सुरु हुनु भन्दा एक महिना अगावै पेश गर्नु पर्नेछ ।

(५)) कार्यदलको वैठक सम्वन्धि अन्य अवस्था कार्यदलले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) दरवन्दी मिलान सम्वन्धि अन्य व्यवस्था गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

## ९ . बाझिएमा हुने

यो कार्यविधि प्रचलित कानूनसंग बाझिएमावाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ ।

## १० . व्याख्या

यो कार्यविधिको प्रयोगमा बाधा उत्पन्न भएमा विश्रामपुर गाउँपालिका, गाउँ कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

ई. सुधन लामिछाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner